आज मिति २०७९।०५।१८ गतेका दिन गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको आ.व. २०७९।८० को तेश्रो बैठक गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिनाज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिका वडा नं. ६ स्थित तोमनडाँडामा बस्यो । उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

## उपस्थिति

| क.स. | पदाधिकारीज्युहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोप मान गुरुङ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री यम वहादुर थापा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री राजुवावु भण्डारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री पहलमान वयलकोटी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तुल वहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री कोकिल वहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री अ माया राना | कार्यपालिका सदस्य | — |
| १३ | श्री कुन्ति माया प्रजा | कार्यपालिका सदस्य | कुन्ती |
| १४ | श्री तारा परियार | कार्यपालिका सदस्य | तारा |
| १५ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १६ | श्री लक्ष्मी वाग्दस | कार्यपालिका सदस्य | — |
| १७ | श्री रिजेश उपरकोटी | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित

१. बुद्धि प्रसाद दुवेदी – आर्थिक प्रशासन शाखा

२. सुदिप पन्थ – शिक्षा / प्रशासन शाखा

३. गोपी कोइराला – योजना शाखा

निर्णयहरु

प्रस्ताव नं. १: राष्ट्रिय भूमि आयोग तथा सुकुम्वासी व्यवस्थापन सम्बन्धमा।

निर्णय नं. १:
गण्डकी गाउँपालिका क्षेत्र भित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुको उचित व्यवस्थापन गर्ने सन्दर्भमा त्यस्ता लक्षित वर्गको पहिचान, लगत संकलन, प्रमाणिकरण तथा नाप नक्शा गर्ने कार्यमा सहयोग र सहजिकरण गर्ने प्रयोजनका लागि भूमिहिन दलित भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ को उपदफा (१) बमोजिम व्यवस्था भएको स्थानीय तह स्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति तपसिल बमोजिम गठन गर्ने निर्णय गरियो।

तपसिल

| | |
|---|---|
| १) गण्डकी गाउँपालिका अध्यक्ष | –संयोजक |
| २) गण्डकी गाउँपालिका उपाध्यक्ष | –उपसंयोजक |
| ३) नेपाल कम्युनिष्ट पार्टी (एमाले) गण्डकी गाउँपालिका कमिटी प्रतिनिधि | – सदस्य |
| ४) नेपाली काँग्रेस गण्डकी गाउँपालिका पार्टी प्रतिनिधि | – सदस्य |
| ५) नेपाल कम्यनिष्ट पार्टी ( माओवादी–केन्द्र) गण्डकी गाउँपालिका पार्टी प्रतिनिधि | –सदस्य |
| ६) जनता समाजवादी पार्टी गण्डकी गाउँपालिका पार्टी प्रतिनिधि | –सदस्य |
| ७) नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) गण्डकी गाउँपालिका पार्टी प्रतिनिधि | –सदस्य |
| ८) गण्डकी गाउँपालिका, गाउँ कार्यपालिका सदस्य श्री कुन्तिमाया प्रजा | –सदस्य |
| ९) गण्डकी गाउँपालिका, गाउँ कार्यपालिका सदस्य श्री तारा परियार | –सदस्य |
| ११) प्रमुख प्रशासकीय अधिकृत | –सदस्य–सचिव |

साथै, भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ को उपदफा (२) बमोजिम वडास्तरमा स्थलगत रुपमा तथ्याँक संकलन तथा नाप नक्शाको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुर्‍याउन वडा स्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गरी २०७९।५।२५ गते भित्र जिल्ला समिति तथा गाउँपालिकामा आइपुग्ने गरी जानकारी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. २: उपभोक्ता समिति गठन तथा योजना सम्झौता सम्बन्धमा ।

निर्णय नं. २:
चालु आ.व. २०७९।८० को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अनुसार उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुको उपभोक्ता समिति गठन तथा संभौता गर्ने सम्बन्धमा आजको यस बैठकमा छलफल हुदाँ तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

१) प्रत्येक वडा कार्यालयहरुले उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने योजनाहरुको उपभोक्ताहरुको आम भेला गराई अनिवार्य रुपमा आगामी भाद्र महिना भित्र स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ बमोजिम हुने गरी गठन गरी सक्ने
२) असोज महिनाको दोश्रो हप्ता भित्र उपभोक्ता समितिका पदाधिकारीहरुका लागि अभिमुखिकरण गोष्ठी सम्पन्न गरी उपभोक्ता समिति र कार्यालय बीच संभौता गरी सक्ने ।
३) उपभोक्ता समिति मार्फत कार्यान्वयन हुन नसक्ने योजनाहरुको वडा कार्यालय मार्फत एकिन गरी भाद्र महिना भित्र कार्यालयमा पठाउने र कार्यालयले असोज महिना भित्र ठेक्का बन्दोवस्त गरी सक्ने व्यवस्था मिलाउने ।
४) उपभोक्ता समितिको आर्थिक कारोवार संचालनका लागि यस अघि आर्थिक कारोवार गर्ने सवै वैकहरुसँग गाउँपालिकावाट समन्वयात्मक बैठकको आयोजना गरी आवश्यक व्यवस्थापन गर्ने ।

विविध अन्तर्गतका प्रस्तावहरु

प्रस्ताव नं. १ : क्शर राख्न अस्थायी अनुमति दिने सम्बन्धमा ।

निर्णय नं. १:

नेपाल सरकार राष्ट्रिय योजना आयोग र गण्डकी गाउँपालिकाको ५०/५० प्रतिशत समपुरक अनुदान वजेटवाट निर्माणाधिन अवस्थामा रहेको आग्रीडाँडा दलभन्ज्याँङ्ग रानीश्वाँरा कौदी पौवा हटिया कुवापानी वतासे भन्ज्याँग सडकको (आग्रीडाँडा दलभन्ज्याँग सडक खण्ड फेज १ ) पिच गर्ने सम्मको कार्यको ठेक्का लिने निर्माण व्यवसायी श्री सिनर्जि / होम जे.भी.गोरखाले सडक कालो पत्रे गर्ने सम्बन्धमा आवश्यक पर्ने गिटी चिप्स लगायतको सामाग्री तयारी गर्न क्शर संचालनका लागि अस्थाई अनुमति पाउँ भनि पेश गर्नु भएको निवेदन उपर आजको यस बैठकमा छलफल भयो । उक्त सम्बन्धमा सडक निर्माण कार्यलाई तिव्रता दिई छिटो सम्पन्न गर्न आवश्यक भएकोले सडक निर्माणका लागि आवश्यक पर्ने गिटी, चिप्स जस्ता सामाग्री उत्पादन गर्ने र सोही सडकको निर्माण कार्यमा मात्र प्रयोग गर्ने, व्यवसायीक रुपमा अन्यत्र विकि वितरण गर्न नपाउने र वातावरण तथा मानववस्तीलाई समेत कुनै किसिमको प्रतिकुल असर नपर्ने गरी नियमानुसार शुल्क लिई संझौतामा उल्लेख भए बमोजिमको आयोजना सम्पन्न गर्ने अन्तिम मिति २०८०।०३।०१ गते सम्मका लागि मात्र रहने गरी सडकवाट नजिक उपयुक्त स्थानमा क्शर संचालन गर्न अस्थाई अनुमति दिने निर्णय गरियो ।

प्रस्ताव नं. २: गण्डकी गाउँपालिकाको दररेट सम्बन्धमा ।

निर्णय नं. २:

गण्डकी गाउँपालिकाको स्थानीय दररेट निर्धारण समितिको मिति २०७९।५।१० को बैठकवाट निर्णय भई स्वीकृतीको लागि आजको यस बैठकमा पेश हुन आएको गण्डकी गाउँपालिकाको चालु आ.व. २०७९।८० को लागि निर्माण सामग्रीको दररेट, ढुवानी तथा मेशिन उपकरणको भाडा दर, कामदारको ज्याला सहितको दररेट उपर आजको यस बैठकमा छलफल भई पेश भए बमोजिमनै दररेट कायम हुने गरी स्वीकृत गर्ने र सोही दररेट बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.३: आर्थिक वर्ष २०७८।७९ को वार्षिक समीक्षा सम्बन्धमा ।

निर्णय नं. ३

गत आर्थिक वर्ष २०७८।०७९ मा गण्डकी गाउँपालिका र अन्तर्गतका विभिन्न विषयगत शाखाहरुवाट कार्यान्वयन भएका विकास निर्माण लगायत कार्यक्रमहरुको शाखागत रुपमा प्रगति विवरण प्रस्तुत भई आजको यस बैठकमा समिक्षात्मक छलफल भयो । आ.व.को तेश्रो चौमासिक अर्थात वैशाख जेष्ठ महिना जस्तो योजना तथा कार्यक्रम संचालन गर्ने व्यस्त समयमा भएको स्थानीय तह सदस्य निर्वाचनका वावजुद सम्पन्न भएको योजना तथा कार्यक्रमहरुको प्रगति स्थिति सन्तोषजनकनै रहेको पाइएकोले योजना तथा कार्यक्रम कार्यान्वयनमा खटिने सवै वडाका प्रतिनिधिहरु, कर्मचारी तथा उपभोक्ता समितिका पदाधिकारीहरु लगायत सम्बद्ध सरोकारवाला सवै प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै चालु आ.व.२०७९।८० मा समेत थप प्रभावकारी ढंगले योजना कार्यान्वयन गरी शत प्रतिशत प्रगति हासिल गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४: वार्षिक कार्ययोजना कार्यन्वयन कार्यतालिका सम्बन्धमा ।

निर्णय नं. ४:

चालु आ.व. २०७९।८० मा योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने गरी समय सीमा सहित तोकी कार्यालयवाट पेश हुन आएको वार्षिक कार्ययोजना कार्यान्वयन कार्यतालिका उपर आजको यस बैठकमा छलफल भयो । उक्त सम्बन्धमा पेश भए बमोजिमको कार्ययोजना कार्यान्वयन कार्यतालिका स्वीकृत गरी सोही कार्यतालिका बमोजिम योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

CamScanner

**प्रस्ताव नं. ५: सार्वजनिक बिदा सम्बन्धमा ।**

**निर्णय नं ५ :**

यही भदौ २२ गते चेपाङ जातीको महान चाड (छोनाम) न्वागी परेको हुदाँ सो चाड हर्पोल्लासका साथ मनाउन सम्पूर्ण चेपाङ जातीहरुलाई शुभकामना दिदै सो अवसरमा गण्डकी गाउँपालिका क्षेत्रभित्रका चेपाङ जातीहरुलाई मात्र सार्वजनिक बिदा दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६: प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) सम्वन्धमा ।**

**निर्णय नं. ६**
गण्डकी गाउँपालिकाको आन्तरिक आयको प्रमुख आय श्रोतको रुपमा रहेको गाउँपालिका क्षेत्र भित्र तथा सीमा क्षेत्रका नदी खोला किनार घाटका ढुंगा, गिटी, वालुवा जस्ता नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री वितरण कार्य ठेक्का मार्फत अघि वढाउने सम्वन्धमा आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीका लागि गाउँपालिका क्षेत्रभित्र र सीमा क्षेत्रभित्र भएर वहने वुढीगण्डकी नदी, त्रिशुली नदी, घौसुर खोला लगायत सवै ठुला नदी खोला किनार घाटहरुको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने गरी आवश्यक प्रकिया अघि वढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७: नवप्रर्वतन साझेदारी कोषको लागी कार्यान्वन समिति गठन सम्वन्धमा ।**

**निर्णय नं. ७**

गण्डकी गाउँपालिका र मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय गण्डकी प्रदेशको साझेदारीमा रहेर गाउँपालिकाको राजश्व सुधार कार्यलाई थप सवलीकरण गर्ने प्रयोजनका लागि नवप्रर्वतन साझेदारी कोष कार्यान्वयन निर्देशिका , २०७८ को दफा १६ को उपदफा (ज) मा व्यवस्था भए बमोजिम तपसिल बमोजिमको सदस्य रहने गरी नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १) वडा नं. ८ का वडा अध्यक्ष श्री कोकिल वहादुर पुलामी मगर | –संयोजक |
| २) वडा सदस्य वडा नं. ४ श्री लोक वहादुर भट्ट | –सदस्य |
| ३) वडा सदस्य वडा नं. ५ श्री ओम वहादुर थापा | –सदस्य |
| ४) वडा सदस्य वडा नं. १ श्री शान्ती श्रेष्ठ | –सदस्य |

**प्रस्ताव नं. ८: लेखा समिति गठन सम्वन्धमा ।**

**निर्णय नं. ८:**

गण्डकी गाउँपालिकाको लेखा समितिमा वडा नं. २ का वडा अध्यक्ष श्री यम वहादुर थापाको संयोजकत्वमा तपसिल बमोजिम सदस्य रहने गरी लेखा समिति गठन गर्ने र अनुमोदनका लागि आगामी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १) वडा अध्यक्ष श्री यम वहादुर थापा वडा नं. २ | –संयोजक |
| २) वडा अध्यक्ष श्री तुल वहादुर गुरुङ्ग वडा नं. ६ | –सदस्य |
| ३) कार्यपालिका सदस्य श्री लक्ष्मी श्रेष्ठ | –सदस्य |

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भूमिलीचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

प्रस्ताव नं. ५ सेवाकेन्द्र सम्बन्धमा ।

निर्णय नं. ५:
यस गण्डकी गाउँपालिकाद्धारा सम्पादन हुने सम्पूर्ण प्रशासनिक कार्य तथा अन्य कार्यहरुको सहजताको लागी भौगोलिक सहजता एवं यातायातको सुगमता समेतलाई दृष्टिगत गरी तोमनडाँडा क्षेत्रमा सेवा केन्द्र संचालन गर्ने सम्बन्धमा कानूनी, प्रशासनिक, नीतिगत तथा बस्तुगत लगायत आवश्यक विषयवस्तुको अध्ययन गर्ने र हाललाई अस्थाई सेवा केन्द्रको रुपमा संचालन गर्ने प्रयोजनका लागि भवन उपलब्ध गराई दिन तोमनडाँडा मा.वि.लाई अनुरोध सहित पत्राचार गर्ने निर्णय गरियो ।

दिपक ... अध्यक्ष

गण्डकी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
भम्लिचोक गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय प्रमाणित
२०७८/०४/१८

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत